देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

जग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

कार्यपालिकाको कार्यालय
बड्डडा पठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## सरुमारानी गाउँपालिका, कार्यपालिकाको त्रिचालीसौं बैठकका प्रस्तावहरु
## मिति २०८१।०३।१० गते

१. गाउँसभाको कार्यसूची जानकारी सम्बन्धमा ।

२. विनियोजन विधेयक, २०८१ सम्बन्धमा ।

३. आ.ब.२०८१।०८२ को बार्षिक बजेट/बजेट बक्तब्य सम्बन्धमा ।

४. विभिन्न समितिको प्रतिबेदन सम्बन्धमा ।
   - लेखा समितिको बार्षिक प्रतिबेदन, २०८० ।
   - योजना तथा शुसासन समितिको बार्षिक प्रतिबेदन, २०८० ।
   - विधायन समितिको बार्षिक प्रतिबेदन, २०८० ।

५. चालू आ.ब.को शंसोधित बजेट तथा कार्यक्रम अनुमोदनका सम्बन्धमा ।

६. चालू आ.ब. को खर्च विवरणको जानकारी सम्बन्धमा।

७. सामुदायिक विकास परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

८. लेखापरिक्षण प्रतिवेदन र बेरुजु सम्परीक्षण सम्बन्धमा ।

९. मध्यमकालिन खर्च संरचना स्वीकृत सम्बन्धमा ।

१०. कर्मचारी सम्मान र पुरस्कार सम्बन्धमा ।

११. समसामायिक विषयहरु सम्बन्धमा ।

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

जग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष



CamScanner

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बंगेडाँडा प्युठान लुम्बिनी प्रदेश, नेपाल

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## बैठक संख्या-४३

### गाउँकार्यपालिकाको ४३ औं बैठकका निर्णयहरु-२०८१।०३।१० गते

**निर्णय न. १ सभाको कार्यसूचीको जानकारी सम्बन्धमा।**

प्रस्ताव न. १ माथी छलफल गर्दा यस सरुमारानी गाउँपालिकाले दोश्रो गाउँसभाको १५ औं अधिवेशनको दोश्रो बैठक मिति २०८१।३।१० गतेका सभाका कार्यसूचीहरु देहाय बमोजिम भएको जानकारी भयो ।

तपशिल

| क्र.स. | समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| १ | १०.३०-१०.४५ | विनियोजन विधयेक २०८०" माथि विचार गरियोस् भन्ने प्रस्ताव सभामा पेश | गाउँपालिका उपाध्यक्ष | |
| २ | बिहान ११.४५-१२.४५ | बार्षिक बजेट बक्तब्य प्रस्तुत/बार्षिक योजना तथा कार्यक्रमको विवरण प्रस्तुत | गाउँपालिका उपाध्यक्ष | |
| ३ | बिहान १२.४५-१.०० | सभामा विशेष सम्बोधन | मा.सभामुख लुम्बिनी प्रदेश | |
| ४ | दिउसो १.०-१.१५ | धन्यबाद प्रस्ताव पारित | गाउँपालिका अध्यक्ष | |
| ५ | १.१५-१.०० | चिया | | |
| ६ | दिउसो १.००-१.३० | लेखा समितिको वार्षिक प्रतिवेदन प्रस्तुत | लेखा समितिका संयोजक | |
| ७ | दिउसो १.३०-१.४५ | योजना तथा शुसासन समितिको बार्षिक प्रतिबेदन | शुसासन समितिका संयोजक | |
| ८ | दिउसो १.४५-२.०० | विधायन समितिको बार्षिक प्रतिबेदन प्रस्तुत | विधायन समितिका संयोजक | |
| ९ | दिउसो २.००-२.१५ | चालु आ.ब.को संशोधित बजेट तथा कार्यक्रम अनुमोदनको लागि पेश | गाउँपालिका अध्यक्ष | |
| १० | दिउसो २.१५-२.३० | चालु आ.ब.को खर्च अनुमोदन प्रस्ताव | गाउँपालिका अध्यक्ष | |

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बंगेडाँडा प्युठान लुम्बिनी प्रदेश, नेपाल

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | दिउसो २.३०-३.०० | लेखापरिक्षण प्रतिवेदन र बेरुजु सम्परीक्षण सम्बन्धमा | गाउँपालिका अध्यक्ष/लेखा समिति संयोजक | |
| ११ | दिउसो ३.००-३.३० | समसामयिक विषय (शुन्य समय) मा धारणा र अध्यक्ष ज्यूको मनतब्य, कर्मचारी सम्मान सहित सभा समापन | गाउँपालिका अध्यक्ष | |

**निर्णय नं. २ विनियोजन विधेयक, २०८१ सम्बन्धमा ।**

प्रस्ताव न. २ माथी छलफल गर्दा सरुमारानी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष माथि व्ययभार हुने रकम र विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार सम्बन्धमा व्यवस्था गर्न वनेको विनियोजन विधेयक, २०८१ लाई स्वीकृत गरी दोश्रो गाउँसभाको पन्ध्रौं अधिवेशन पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ बार्षिक बजेट तथा कार्यक्रम-बजेट बक्तब्य सम्बन्धमा ।**

प्रस्ताव न. ३ माथी छलफल गर्दा सरुमारानी गाउँपालिकाको बजेट तर्जुमा तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को बार्षिक बजेट योजना तथा कार्यक्रम, २०८१ लाई स्वीकृत गरी दोश्रो गाउँसभाको १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ विभिन्न विषयगत समितिहरुको प्रतिवेदन सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथी छलफल गर्दा सरुमारानी गाउँपालिकाको गाउँसभाबाट गठन भएका तपशिलका विभिन्न समितिहरुको बार्षिक प्रतिवेदन गाउँसभाको पन्ध्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

- लेखा समितिको बार्षिक प्रतिबेदन, २०८० ।
- विद्यायन समितिको बार्षिक प्रतिबेदन, २०८० ।
- योजना तथा सुशासन समितिको बार्षिक प्रतिबेदन, २०८०।

**निर्णय नं. ५ कार्यक्रम/बजेट संशोधन थपघट अनुमोदनको लागि सभामा पेश गर्ने सम्बन्धमा**

प्रस्ताव न. ५ माथी छलफल गर्दा चालु आ.ब.२०८०।०८१ को लागि सरुमारानी गाउँपालिकाको १३ औं गाउँसभा अधिवेशनबाट स्वीकृत आ.ब.२०८०।०८१ को बार्षिक बजेट तथा कार्यक्रममा सरुमारानी गाउँकार्यपालिकाको बैठकले विभिन्न मितिमा गरेका कार्यक्रम/बजेट संशोधन, थपघट अनुमोदनको लागि दोश्रो गाउँसभाको पन्ध्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ चालू आ.ब.को खर्च जानकारी सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बड्डाडा प्युठान लुम्बिनी प्रदेश, नेपाल २०७३

देविराज पाठक
प्रमुख प्रशासकीय अधिकृत

झक बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

कंग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

प्रस्ताव न. ६ माथी छलफल गर्दा सरुमारानी गाउँपालिकाको चालू आ.ब. २०८०।०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार हाल सम्म भएको चालू तथा पूजीगत गरी जम्मा ५९.०२ प्रतिशत खर्च भएको ब्यहोरा गाउँसभामा जानकारीको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ सामुदायिक विकास परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

प्रस्ताव न. ७ माथी छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (विकास सहायता समन्वय शाखा) को च.न. ४२२ मिति २०८१/०३/०५ गतेको उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना पेश गर्ने पत्र अनुसार गाउँपालिका स्तरीय अस्पताल भवन निर्माणको परियोजना प्रस्ताव पेश गर्ने र उक्त परियोजनाको लागि यस गाउँपालिकाले कुल लागतको ५ प्रतिशत रकम लागत सहभागिता गर्ने प्रतिबद्धता ब्यक्त गरियो ।

**निर्णय नं. ८ लेखापरिक्षण प्रतिवेदन र बेरुजु सम्परीक्षण सम्बन्धमा ।**

प्रस्ताव न. ८ माथी छलफल गर्दा यस गाउँपालिकाको आ.ब. २०७९।०८० को बार्षिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित बेरुजुहरु सम्परिक्षणको लागि पन्धौ गाउँसभाको बैठमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ मध्यमकालिन खर्च संरचना स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव न. ९ माथी छलफल गर्दा यस गाउँपालिकाको मध्यमकालिन खर्च संरचना आ.ब. २०८०/०८१-२०८२/०८३, लाई स्वीकृत गर्ने निर्णय गरियो

**निर्णय नं. १० कर्मचारी सम्मान र पुरस्कार सम्बन्धमा ।**

प्रस्ताव न. १० माथी छलफल गर्दा यस गाउँपालिकामा कार्यरत तपशिलका कर्मचारीहरुको कार्यसम्पादन उत्कृष्ठ रहेकोकोले गाउँसभाको सन्दर्भमा सम्मान तथा पुरस्कारको लागि सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

- लक्ष्मण आचार्य-अधिकृत प्रशासन शाखा
- लिलाराम सोमै सहायक पाचौ- जिन्सी शाखा
- हिमाल शर्मा भुसाल-लेखापाल- आर्थिक प्रशासन शाखा

**निर्णय नं. ११ समसामायिक विषयहरु सम्बन्धमा ।**

प्रस्ताव न. १२ माथी छलफल गर्दा समसामयिक विषयहरु तयार गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८१/०३/१०

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

कंग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष